न्याय परिषद सचिवालय

## न्याय परिषद सचिवालयको प्रेस विज्ञप्ती

पूर्व प्रधान न्यायाधीश एवं न्याय परिषद / न्याय सेवा आयोगका पूर्व अध्यक्ष केदारप्रसाद गिरीको मिति २०७५।८।०७ गते शुक्रवार भएको असामयिक निधनबाट हामी मर्माहित छौं । पूर्व प्रधान न्यायाधीश गिरीको असामयिक निधनबाट न्याय र कानूनको क्षेत्रमा अपूरणीय क्षति भएको छ ।

मिति २०६४।६।१८ गते नेपालको प्रधान न्यायाधीश पदमा नियुक्ति भई २०६६।१।२४ बाट सेवा निवृत्त हुनु भएका उहाँले न्याय परिषद तथा न्याय सेवा आयोगको अध्यक्षको रुपमा रही पुऱ्याउनु भएको योगदानको स्मरण तथा उच्च सम्मान गर्दछौं । शोकको यस घडीमा दिवँगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

पूर्व प्रधान न्यायाधीश केदारप्रसाद गिरीको असामयिक निधनमा शोक मनाउन मिति २०७५ मंसिर ९ गते आइतवार एक दिन सर्वोच्च अदालत सहित सम्पूर्ण अदालतहरु शोक विदाको रुपमा बन्द रहने भनी सर्वोच्च अदालतको पूर्ण वैठकले निर्णय गरेको जानकारी प्राप्त भएको र सर्वोच्च अदालत विदा वा बन्द रहँदा न्याय परिषद सचिवालय समेत बन्द रहने भन्ने न्याय परिषदको पूर्व निर्णयानुसार शोक विदाको रुपमा यस सचिवालय २०७५ साल मंसिर ०९ गते आइतवार एक दिन बन्द रहने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि निर्देशानुसार अनुरोध छ ।

सह प्रवक्ता

२०७५।०८।०७